बेलका नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

रामपुर, उदयपुर

आर्थिक वर्ष २०८१/८२ को

# नीति तथा कार्यक्रम

प्रमाणीकरण गर्ने

अशोक कार्की

(नगर प्रमुख)

मितिः २०८१/०३/२५

अशोक कार्की
नगर प्रमुख

बेलका नगरपालिका, उदयपुर ।

# आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम

**"सबल आर्थिक, सामाजिक तथा भौतिक पूर्वाधार,**
**स्वच्छ, सुन्दर, समुन्नत र समृद्ध बेलका नगरको आधार"**

आर्थिक, सामाजिक तथा भौतिक रुपमा सबल, समृद्ध, सुन्दर र समुन्नत नगर निर्माण गर्ने हाम्रो ध्येय रहेको छ । जनतासँग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने विषयगत शाखा तथा वडा कार्यालयहरूको क्षमता विकास, स्रोत साधनमा पहुँच र प्रणालीको विकास गर्ने नीति अवलम्बन गर्ने, नागरिक सन्तुष्टी अभिवृद्धि गर्ने, स्थानीय सरकारलाई विधिको शासन मार्फत नागरिक सेवा प्रवाह गरिनेछ । शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशीलता, सामाजिक विकास, युवा तथा खेलकुद, भौतिक पूर्वाधार विकास, सार्वजनिक यातायात, खानेपानी तथा सरसफाई, विपद व्यवस्थापन, न्याय निरुपण, पर्यटन प्रवर्द्धन जस्ता विषयगत क्षेत्रहरूका लागि विशेष नीति तथा कार्यक्रमहरू प्रस्ताव गरेका छौं ।

आन्तरिक सुशासन र सबल प्रशासनको विकासबाट हामीले तय गरेको वार्षिक नीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन हुने भएकाले यो नीति तथा कार्यक्रम त्यसतर्फ नै निर्देशित रहेको छ ।

आगामी आर्थिक वर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गर्न आम नगरवासी तथा सबै पेशा, व्यवसायमा आबद्ध महानुभावहरूको सहयोग, समन्वय र सहकार्य रहने कुरामा विश्वस्त रहेका छौं ।

बेलका नगरपालिकाको दीर्घकालीन सोच **"सबल आर्थिक, सामाजिक तथा भौतिक पूर्वाधार, स्वच्छ, सुन्दर, समुन्नत र समृद्ध बेलका नगरको आधार"** रहेको छ । यस सोचलाई कार्यान्वयन गर्न देहाय बमोजिमका रणनीतिहरू अवलम्बन गरिने छन ।

१. बेलका नगरपालिकालाई समुन्नत नगर बनाउनका लागि शिक्षा, स्वास्थ्य र रोजगार क्षेत्रको क्रमिक सुधार र उद्यम, कृषि, पशुपंक्षी, सहकारी र पर्यटनतर्फ उल्लेख्य सुधारका प्रयास गरिनेछ ।
२. आधुनिक सूचना तथा सञ्चार प्रविधिको उच्चतम प्रयोगमार्फत नगरपालिकाका गतिविधिहरूलाई पारदर्शी र पहुँचयोग्य बनाउने ।
३. सांस्कृतिक पर्यटन, नवप्रवर्तनमा आधारित उद्यम र संस्थागत सुशासनलाई प्राथमिकताका लागि योजना तथा कार्यक्रम सञ्चालन गर्ने ।
४. स्थानीय शासनमा जनसहभागिता अभिवृद्धि गर्दै उत्तरदायी र पारदर्शी स्थानीय सरकारको भूमिका निर्वाह गर्ने ।
५. बेलका नगरपालिकालाई पर्यटकीय नगरका रुपमा विकास गर्ने ।

## क्षेत्रगत प्राथमिकताहरू

### कृषि तथा पशुपंक्षी

- कृषिको व्यवसायीकरण, आधुनिकीकरण तथा प्रविधीकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- सहकारी, कृषि समूह तथा महिला समूह मार्फत कृषि तथा पशुपालन लगायतका व्यवसायिक फर्म स्थापनाका लागि सहज वातावरण बनाइनेछ ।
- भौगोलिक सम्भाव्यताको आधारमा नगरपालिका भित्रको कृषिजनय वस्तुहरूको उत्पादन तथा प्रशोधन अभिवृद्धि, शीत भण्डार गृह निर्माण, सञ्चालन तथा व्यवस्थापन एवं कृषि बजार व्यवस्थापनलाई व्यवस्थित गरी ती उत्पादित वस्तुहरूको बजारीकरणमा सहजीकरण गरिनेछ ।
- कृषि व्यवसायलाई आधुनिकीकरण गर्दै यसलाई भरपर्दो बनाउनका लागि आगामी वर्षबाट कृषक परिचयपत्र वितरण, कृषि बीमा एवं शुलभ कृषि कर्जामा कृषकको पहुँच बढाउँन पहल गरिनेछ ।
- कृषि उपज बजार व्यवस्थापन, उपभोक्ता हित र विकासका लागि मूल्य निर्धारणमा सुक्ष्म अध्ययन गरी बिचौलियालाई निरुत्साहित गर्दै उचित मूल्यमा तरकारीको विक्रि वितरणको व्यवस्था मिलाइनेछ ।
- आवश्यक स्थान तथा संख्यामा कृषि उपज संकलन केन्द्र निर्माणको नीति लिइनेछ ।
- कृषियोग्य जमिन र कृषिमा संलग्न जनसंख्याको सहभागिताको आधारमा कृषि तथा पशुपंक्षी पालनको एकीकृत विकासको लागि सघन कृषि विकास क्षेत्र निर्धारण गरिनेछ ।
- हिंसा पिडित, एकल महिला, दलित महिला तथा पिछडिएको वर्ग लक्षित कृषि कार्यक्रम संचालन गरिनेछ।
- कृषि तथा पशुपालनलाई कृषि उपजको आयात प्रतिस्थापनको नीतिमार्फत व्यवसायिक बनाउन आधुनिक प्रविधिको व्यवस्थापन गरी शिक्षित युवालाई अभिप्रेरित गरिनेछ ।
- तरकारी तथा फलफूल खेतिमा रसायनिक मलको प्रयोगलाई निरुत्साहित गर्दै प्राङ्गरिक मलको प्रयोगमार्फत अर्गानिक उत्पादनमा जोड दिने कार्यक्रम संचालन गरिनेछ।
- मूल्य शृङ्खलाका आधारमा कृषि उपजको मूल्य निर्धारण गर्ने वातावरण तयार गरिनेछ।
- सघन कृषि क्षेत्र घोषणा गरी सिँचाई, कृषि सडक, विद्युतीकरण, कृषि उपज सङ्कलन केन्द्र, शीत भण्डार तथा अन्य आवश्यक पूर्वाधारहरू निर्माण, सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।
- पशुजन्य उत्पादनलाई मापदण्ड परिपालन गर्ने/गराउने वातावरण बनाई बजार अनुगमनलाई प्रभावकारी बनाउँदै मासु पसल तथा वधशालाहरूको स्तरोन्नतिमा सहयोग गर्न तथा पशु स्वास्थ्य सुधारका कार्यक्रमहरू सञ्चालन गर्ने योजना बनाइनेछ ।
- उत्पादनमूलक सहकारीको स्थापना गरिएमा विउपूँजी लगानीको रुपमा सहयोग उपलब्ध गराइने र वार्षिक उत्पादनका आधारमा अनुदान दिइने नीति लिइनेछ ।

- रैथाने जातका बालीहरूको विउको प्रवर्द्धन तथा संरक्षण गरिनेछ ।
- सम्भाव्यताका आधारमा पर्यटकीय गन्तव्यका स्थानहरूमा वातावरणमैत्री कृषि व्यवसायको स्थापना गराई कृषि पर्यटनको व्यवसायमा सहयोग पुऱ्याइनेछ ।
- कृषि उपजको प्रशोधन, ग्रेडिङ लेवलिङ, प्याकेजिङ, ब्रान्डिङ गरी मूल्य शृङ्खलाका आधारमा बजारीकरणको लागि नीति निर्माण तथा पूर्वाधारको विकास गरिनेछ ।
- भूमिहीन किसानहरूको लागि सार्वजनिक तथा निजी जग्गा लिजमा लिई सामूहिक कृषि तथा पशुपालन व्यवसाय मार्फत आत्मनिर्भर बनाउने योजनाको निर्माण गरिनेछ ।
- कृषकहरूलाई उत्पादन र उत्पादकत्व वृद्धि गर्नका लागि सरल र सहज रुपमा कृषि यन्त्रहरूको प्रयोग, प्रवर्द्धन तथा वितरण गर्ने व्यवस्था मिलाइनेछ ।
- जङ्गली जनावरबाट पीडित किसानको समस्या समाधानको लागि आवश्यक योजना तथा कार्यक्रमहरू लागु गरिनेछ ।
- कृषि औद्योगीकरणका लागि योजना निर्माण गर्न आधार तयार गरिनेछ ।
- नदी उकास जमिनहरूमा माटोको सम्भाव्यता अध्ययन गरी उपयुक्त कृषि उत्पादनमूलक कार्यक्रम लागु गरिनेछ ।
- कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नका लागि कृषि तथा पशु प्राविधिकको सेवालाई प्रभावकारी रुपमा किसानसँग पुऱ्याइनेछ ।
- भूमिगत सिँचाई, खोला तथा नदी सिँचाईहरूको स्तरोन्नति, शौर्य सिँचाई लगायत थप आवश्यक सम्भाव्यताको अध्ययन गरी सिँचाई सुविधाको प्रवन्ध मिलाइनेछ ।
- नगर प्रमुख कृषिजन्य उत्पादनहरू वहुवाली विकास जोन कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- सहकारी तथा सामुदायिक खेती प्रणालीलाई प्रोत्साहन गरिनेछ ।
- कृषि बजार सम्मको पहुँच मार्ग सुधार गरिनेछ ।

**ऊर्जा सम्बन्धी नीतिः**

"बेलका नगरबासीको विकासको आधार, स्वच्छ र पहुँचयोग्य नवीकरणीय ऊर्जाको विस्तार"

- बेलका नगरपालिकाको पञ्चवर्षीय नगर ऊर्जा योजना (MEP) मा उल्लिखित क्रियाकलापहरू क्रमशः कार्यान्वयन गर्दै लगिनेछ ।
- नवीकरणीय ऊर्जाको क्षेत्रलाई जनमुखी, दिगो र सहभागितामूलक बनाउन समुदाय, वडा र पालिका स्तरमा ऊर्जा योजना निर्माण गर्न महिला तथा आमा समूह, कृषक समूह, पछाडि पारिएका र बञ्चितीकरणमा पारिएका समूहहरूलाई योजना निर्माण प्रक्रियामा सहभागी गराइनेछ ।
- विद्युत तथा सौर्य ऊर्जा प्रणालीमार्फत सबै घरपरिवार, वस्तीहरू, सार्वजनिक स्थल तथा सडक छेउमा बाह्रै महिना नियमित रुपमा विद्युत सेवा उपलब्ध गराइनेछ ।

- वडा तथा वस्तीहरूमा केन्द्रीय विद्युत प्रणालीमार्फत विद्युत आपूर्तिको व्यवस्था गरी विद्युत सुविधालाई भरपर्दो र नियमित आपूर्तिको व्यवस्था मिलाइनेछ ।
- नेपाल सरकारको उज्यालो नपुगेका सबै घरधुरीहरूमा आगामी २ वर्षभित्र वैकल्पिक माध्यमहरूबाट उज्यालो पुऱ्याउने घोषणा अनुसार यस पालिका क्षेत्रभित्रका अति विपन्न र सीमान्तीकृत घरपरिवारहरूमा सौर्य ऊर्जाको व्यवस्था गरी विद्युत सेवाबाट लाभान्वित गराइनेछ ।
- प्रत्येक वडामा विद्युत विस्तार योजना सञ्चालन गर्ने साथै विद्युत नपुगेका वडा तथा टोलमा सोलार वितरण कार्यलाई थप व्यवस्थित बनाउदै निरन्तरता दिइनेछ ।
- घना वस्तीका सडक छेउ, सार्वजनिक स्थल तथा पर्यटकीय क्षेत्रहरूमा सडक बत्ती प्रयोग गरिनेछ ।
- घरघरमा सुधारिएको चुल्हो तथा बायो ग्यास प्रयोगलाई प्राथमिकता दिई खाना पकाउनको लागि दाउरा तथा गुइठा प्रयोगको अभ्यासलाई न्यूनीकरण गरिनेछ । धुवाँमुक्त सफा भान्साको नारालाई पूर्णता दिन सहयोग गरी धुवाँजन्य रोगको न्यूनीकरण गरिनेछ । विद्युतीय चुलोलाई प्राथमिकता दिई थप प्रोत्साहन गरिनेछ ।
- नवीकरणीय ऊर्जामा आधारित उद्यमहरू सञ्चालनका लागि व्यवसायिक सम्भाव्यता अध्ययन गरिनेछ ।
- महिला, विपन्न तथा सीमान्तीकृत वर्गको सामाजिक तथा आर्थिक विकास र रोजगारी सिर्जना गर्न ऊर्जामा आधारित हुने गरी सीप विकासका तालिमहरू सञ्चालन गर्न समन्वय गरिनेछ ।
- यस्ता सीप विकास तालिम लिएका उद्यमीहरूलाई ऊर्जाको प्रयोगमा आधारित व्यवसाय सञ्चालन गर्न लघु उद्यम कार्यक्रमसँग समन्वय गरी सहयोग गरिनेछ ।
- ऊर्जामा आधारित वृहत आर्थिक तथा सामाजिका विकासको लागि कार्यक्रम प्रवर्द्धन गर्न साझेदार संस्थाहरूसँग समन्वय गरी योजना तर्जुमा गरिनेछ ।
- पालिका क्षेत्रका सामुदायिक र संस्थागत विद्यालयहरूमा विद्युतीय माध्यमबाट पठन पाठन हुने व्यवस्था मिलाउन पहल गरिनेछ ।
- स्थानीय कृषि उत्पादन, प्रशोधन, शीत भण्डार सञ्चालन तथा कृषि उत्पादन मूल्य शृङ्खला वृद्धि गर्न ऊर्जाको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।
- गुणस्तरीय विद्युत आपूर्ति नभएका क्षेत्रमा गुणस्तरीय विद्युत आपूर्तिका लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।
- बोरिङ तथा सौर्य लिफ्टिङ प्रविधिबाट खानेपानी व्यवस्था गर्न वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र तथा प्रदेश सरकारसँग सहकार्य गरी कार्यक्रमलाई प्राथमिकतामा राखिनेछ ।
- नवीकरणीय ऊर्जाको क्षेत्रलाई आवश्यक पर्ने दक्ष जनशक्ति विकास गरी पालिकालाई आत्मनिर्भर बनाउन पहल गरिनेछ ।

स्वास्थ्यः

- नगरमा जेष्ठ नागरिक, असहाय, फरक क्षमता भएका, गर्भवती, सुत्केरी महिलालाई सहज सेवा प्रवाहका लागि सहजता केन्द्र स्थापना गरिनेछ ।
- स्वस्थ नगरका लागि स्वस्थ नागरिकको नीति लिई कार्यक्रम सञ्चालन गरिन्छ ।
- सामुदायिक, संस्थागत विद्यालयहरूमा नियमित रुपमा स्वास्थ्य परीक्षण गर्ने साथै योगा कक्षा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।
- एच.आई.भी. एड्स, हेपटाइटिस बी जस्ता रोगलाई नियन्त्रण गर्न लागुपदार्थ दुर्व्यसनी सम्बन्धी सचेतना एवं उपचार तथा पुनर्स्थापना कार्यक्रम सञ्चालनको व्यवस्था गरिनेछ ।
- आवश्यक बर्थिङ सेन्टर र स्वास्थ्य क्लिनिकहरूको निर्माण गरिनेछ ।
- स्वास्थ्य बिमालाई प्रभावकारी रुपमा लागु गरिनेछ ।
- मानसिक स्वास्थ्य समस्या भएका बिरामीहरूको परिवारलाई निःशुल्क स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- ख वर्गको अपाङ्गता भएका व्यक्तिहरूको परिवारलाई निःशुल्क बीमा कार्यक्रम सञ्चालन गरिनेछ ।
- आधारभूत स्वास्थ्य चौकीको क्षमता अभिवृद्धि गरिनेछ ।
- आधारभूत स्वास्थ्य केन्द्र र सहरी स्वास्थ्य केन्द्रहरूलाई आवश्यक सुधार गर्दै निरन्तरता दिइनेछ ।
- १० शैय्याको आधारभूत अस्पताल निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।
- सुत्केरी महिला, बालबालिका तथा जेष्ठ नागरिकहरूका लागि सरसफाई तथा कुपोषण विरुद्धका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- स्थानीयस्तरमा जडिबुटी तथा औषधिजन्य पदार्थको प्रवर्द्धन गर्नका लागि प्रोत्साहन गरिनेछ । आयुर्वेदिक तथा होमियोप्याथिक स्वास्थ्य उपचार सेवाको विकासका लागि कार्यक्रम बनाइनेछ ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरूका लागि प्रोत्साहन भत्ता वृद्धि गरी क्षमता अभिवृद्धि गरिनेछ ।
- आवश्यकताका आधारमा प्रशुती गृहको निर्माण तथा क्षमता वृद्धि गरिनेछ ।
- मातृ मृत्यूदर, शिशु मृत्यूदर तथा बाल मृत्यूदरलाई कम गराउनका लागि आवश्यक कार्यक्रम बनाइनेछ ।
- प्रशुती सेवाका लागि निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ ।
- वेलका नगर अस्पतालको सेवा विस्तार तथा सुधार गर्दै आवश्यक मानव स्रोत व्यवस्थापनका लागि पहल गरिनेछ ।

अशोक कार्की
नगर प्रमुख

- आकस्मिक स्वस्थ्य सहयोग कार्यक्रम (Emergency Support Fund) स्थापना गरी गम्भिर प्रकृतिका रोगीहरू, असहाय, गरिब र विपन्न नागरिकहरूलाई सहयोग गरिनेछ । साथै विभिन्न स्वास्थ्य संस्थाहरूसँग समन्वय गरी सेवालाई सहज बनाइनेछ ।
- नगरबासीहरूमा निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम प्रभावकारी रुपमा लागु गरिनेछ ।
- गर्भवती तथा सुत्केरी जाँचलाई प्रभावकारी बनाइनेछ ।
- स्वास्थ्य संस्थाहरूमा किशोर किशोरी मैत्री वातावरण तथा स्वास्थ्य सूचना केन्द्रको स्थापना गरिनेछ ।
- अस्मिता राई स्मृति सर्पदंश उपचार केन्द्र र बेलका आँखा उपचार सेवा तथा आयुर्वेदिक औषधालयको सेवा सुधार र प्रभावकारी बनाउदै लगिनेछ ।
- बेलका नगरपालिकाका सबै नागरिकलाई निःशुल्क शव वाहन सेवा उपलब्ध गराइनेछ ।
- मानसिक स्वास्थ्य उपचारका लागि थप सेवा उपलब्ध गराइनेछ ।
- ध्यान तथा योगा केन्द्रको स्थापना तथा सञ्चालन गरिनेछ ।
- महामारीजन्य रोगहरूबाट बच्नका लागि आवश्यक स्वास्थ्य सेवाहरूको प्रबन्ध मिलाइनेछ ।
- अक्सिजन प्लान्टलाई व्यवस्थित गरिनेछ ।
- सरकारले तोकेको स्वास्थ्य सम्बन्धी विभिन्न प्रकारका औषधिहरू निःशुल्क वितरण गर्ने कार्यलाई प्रभावकारी रुपमा व्यवस्थापन गरिनेछ ।
- महिलाहरूको प्रजनन स्वास्थ्य सम्बन्धी कार्यहरूलाई प्रभावकारी रुपमा स्वास्थ्य सेवा उपलब्ध गराउने प्रबन्ध मिलाइनेछ ।

शिक्षाः

- बेलका नगरको मौजुदा शिक्षा नीति तथा बेलका नगर शिक्षा ऐनमा आवश्यक संशोधन गरिनेछ ।
- बेलका जनता क्यामपसलाई सम्पूर्ण व्यवस्थापकीय सहयोग उपलब्ध गराइनेछ ।
- नगर शिक्षा नीति, राष्ट्रिय मातृभाषा शिक्षाको प्रवर्द्धन गर्न बहुभाषा शिक्षा निर्देशिकामार्फत कानूनी तथा नीतिगत व्यवस्था गरी शिक्षा क्षेत्रको नियमन तथा प्रवर्द्धन गरिनेछ ।
- अति विपन्न तथा जेहेन्दार विद्यार्थीहरूका लागि कक्षा १ देखि १२ सम्म शैक्षिक बृद्धि विकास कोष स्थापना गरिनेछ ।
- पढ्दै पढाउँदै कार्यक्रमलाई क्रमशः लागु गर्दै लगिनेछ ।
- सार्वजनिक पुस्तकालय तथा ई-लाइब्रेरीको व्यवस्था गरिनेछ ।
- दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- विद्यालय तथा क्याम्पसमा इन्टरनेट सेवा उपलब्ध गराइनेछ ।

अशोक कार्की

- दलित, सिमान्तीकृत तथा लोपोन्मुख समुदायका बालबालिका तथा अति विपन्न परिवारका बालबालिकालाई शिक्षामा पहुँच पुऱ्याउन विशेष छात्रवृत्ति उपलब्ध गराइनेछ ।
- नि:शुल्क स्यानिटरी प्याड वितरण कार्यलाई निरन्तरता दिइनेछ ।
- विद्यालयस्तरमा कक्षा ९ देखि १२ सम्म अध्ययन गर्ने विद्यार्थीका लागि सहकारी शिक्षा तथा वित्तीय साक्षरता कक्षाहरू सञ्चालन गरिनेछ ।
- बेलका जनता क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्ने साथै मेयर छात्रवृत्ति कोष स्थापना गरिनेछ ।
- बेलका नगरपालिकामा रहेको एकमात्र सामुदायिक क्याम्पसको भौतिक निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर.) तयार गरिनेछ ।
- बेलका नगर भित्र सञ्चालित माध्यमिक विद्यालयहरूमा कक्षा ११ थप गरिँदै लगिने र कक्षा ११ मा लेखा तथा अन्य विषय थप गर्ने नीति लिइनेछ ।
- प्राविधिक क्षेत्रमा अध्ययन गर्ने विद्यार्थीहरूका लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ । साथै नगरपालिकाभित्रै प्राविधिक धारका शिक्षालाई क्रमश: आन्तरिकीकरण गर्दै लगिनेछ ।
- सामुदायि तथा संस्थागत विद्यालयहरूमा शैक्षिक गुणस्तर बृद्धि गर्न तथा सिकाई उपलब्धि हाँसिल गर्न योजना बनाई लागु गरिनेछ ।
- प्राविधिक तथा व्यवसायिक शिक्षामा जोड दिँदै माध्यमिक विद्यालयहरूमा आवश्यकता अनुसार प्राविधि धार थप गरिनेछ ।
- सामुदायिक विद्यालयले यसअघि नियुक्ति गरेका स.का. तथा विद्यालय कर्मचारीहरूलाई स्तर निर्धारण गरी तलब भत्ताको व्यवस्था गरिनेछ ।
- शिक्षक, सहयोगी कार्यकर्ता र विद्यालय कर्मचारीहरूको मनोबल उच्च हुने कार्यक्रम सञ्चालन गरिनेछ ।
- सामुदायिक तथा संस्थागत विद्यालयहरूको नियमित अनुगमन र नियमन गरी आवश्यकता अनुसार सहयोग उपलब्ध गराइनेछ ।
- विद्यालयहरूमा टाढाबाट अध्ययन गर्न आउने छात्रछात्राहरूका लागि प्रोत्साहनमूलक कार्यक्रमहरू लागु गरिनेछ ।
- विद्यालयमा बाल क्लब, युवा तथा जुनियर रेडक्रस र स्काउटको स्थापना गरिनेछ ।
- विद्यालय नर्स कार्यक्रम लागु गरिनेछ ।
- विद्यालय बाहिर गएका तथा बिचमा कक्षा छोड्ने विद्यार्थीहरूलाई विद्यालय शिक्षा पुरा गर्न प्रेरित गरिनेछ ।
- विद्यालयहरूको भौतिक पुर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा, आधारभूत खानेपानी सुविधा विस्तार गर्दै व्यवसायिक क्षमता विकासमा लगानी गरिनेछ ।

अशोक कार्की

- संस्थागत विद्यालयहरूलाई शिक्षण सिकाई गुणस्तरका आधारमा वर्गीकरण गरी सोही आधारमा वैज्ञानिक शुल्क निर्धारण गरिनेछ ।
- सामुदायिक विद्यालयहरूमा शिक्षक विद्यार्थी अनुपात र विषयगत दरबन्दी व्यवस्था गरी प्रशिक्षकहरूको सरुवा र दरबन्दी मिलान गर्दै लगिनेछ ।
- सबै विद्यालयहरूमा बालमैत्री, अपाङ्गमैत्री र छात्र छात्राहरूका लागि छुट्टाछुट्टै शौचालय, किशोर किशोरी मैत्री, शुद्ध पिउने पानी, पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशालाको व्यवस्था गरिनेछ ।
- नगरमा शैक्षिक गुणस्तर सुधार गर्न शैक्षिक सूचक तयार गरी सो सूचक पूरा गर्ने विद्यालयहरूलाई प्रोत्साहन अनुदान, सहयोग अनुदान उपलब्ध गराउने कार्यक्रम लागु गरिनेछ ।
- नगर कृषि तथा पशु प्राविधिक विद्यालय सञ्चालन गर्न आवश्यक प्रक्रिया सुरु गरिनेछ ।
- बेलका नगरपालिकामा सञ्चालित सामुदायिक विद्यालयहरूमा विद्यालयको तह अनुसारकै प्रधानाध्यापकहरूको नियुक्ति गरिने व्यवस्था मिलाइनेछ ।
- विद्यालयहरूमा विद्यार्थीहरूको पोशाकमा एकरुपता कायम गरिनेछ ।
- विद्यालयहरूको भौतिक पूर्वाधार निर्माणका लागि विभिन्न निकायहरूसँगको समन्वय सहयोग र साझेदारीमा बजेट तथा कार्यक्रम तय गरिनेछ ।
- विद्यार्थीहरू तथा विद्यालयहरू बीचमा प्रतिशपर्धा प्रवर्द्धन गर्न अन्तर विद्यालय अतिरिक्त क्रियाकलापहरू सञ्चालन गरिनेछ ।

## खानेपानी तथा सरसफाई

- बेलका नगरको नारा "एक घर एक धारा कार्यक्रम" लागु गर्नका लागि नयाँ तथा पुराना खानेपानी योजनाहरू निर्माण सुधार तथा विस्तार गरिनेछ ।
- बेलकाका पहाडी भेगका वस्तीमा खानेपानीको अभावलाई मध्यनजर गरी लिफ्टिङ प्रविधि, आकाशे पानी सङ्कलन लगायतका प्रविधिबाट खानेपानी उपलब्ध गराउने नीति अवलम्बन गरिनेछ ।
- बेलका नगरपालिकाको केन्द्र रामपुर बजार लगायत मुख्य बजारहरूमा ओभरहेड टंकी, डिप ट्युबवेल लगायतका प्रविधिबाट खानेपानीको वितरण व्यवस्थालाई व्यवस्थित गर्दै लगिनेछ ।
- हाल सञ्चालित खानेपानी योजनाहरूमा ट्रिटमन्ट प्लान्टको व्यवस्था गरी स्वच्छ खानेपानीको व्यवस्था मिलाइनेछ ।
- दीर्घकालीन खानेपानी व्यवस्थापनका लागि विभिन्न सरकारी निकाय तथा गैर सरकारी संघ संस्थाहरूसँग पहल गरी नयाँ खानेपानी आयोजनाहरू सञ्चालन गरिनेछ ।
- पानधारे पम्पिङ खानेपानी आयोजना र ठोक्सिला खानेपानी आयोजनालाई निर्माण तथा सञ्चालन गर्न आवश्यक पहल गरिनेछ ।

अशोक कार्की
नगर प्रमुख

- भूमिगत स्रोतबाट उपभोग गरिरहेको वडाहरूमा आर्सेनिक परीक्षणको व्यवस्था मिलाई शुद्ध खानेपानी उपलब्ध गराइनेछ ।
- बेलका नगरका मुख्य बजार तथा हाटहरूको सरसफाई कार्यलाई निरन्तरता दिई सार्वजनिक स्थलहरूको सरसफाई गर्ने कार्यमा विभिन्न संघ संस्थाहरूसँग सहकार्य गरिनेछ ।
- घर तथा भान्साबाट उत्पन्न हुने फोहोरलाई व्यवस्थित गरी प्राङ्गरिक मल बनाई करेसाबारीमा प्रयोग गर्ने कार्यलाई प्रोत्साहित गरिनेछ ।
- खानेपानी तथा सरसाफाई शाखा र इकाई गठन गर्न व्यवस्थापन सर्वेक्षण गरिनेछ ।

## सडक तथा भौतिक पूर्वाधार विकास

- नगरका गौरवका आयोजनाहरू पहिचान गरी प्राथमिकताका आधारमा सञ्चालन गरिनेछ ।
- विकासका आयोजनाहरू सञ्चालन तथा निर्माण गर्दा सरकारी, सार्वजनिक तथा सहकारी साझेदारी नीतिलाई कार्यान्वयन गरिनेछ ।
- नडाह — रूपनगर सडक निर्माणको क्रममा भएको प्राविधिक त्रुटीका कारण हुने डुबान तथा वर्षायाममा हुने आवागमनमा हुने गरेको अवरोधलाई हटाउनका लागि कज वे भएका ठाउँमा पुल र ह्युम पाइपको ठाउँमा स्लाव कल्भर्ट निर्माणका लागि सडक विभाग, प्रदेश सरकार तथा संघीय सरकारसँग पहल गरिनेछ । सडकको स्तरोन्नति र चौडाई वृद्धि गर्न सम्बन्धित नियकायसँग समन्वय र सहकार्य गरिनेछ ।
- आवश्यकता तथा प्राथमिकताका आधारमा कल्भर्ट, झोलुङ्गे पुल, बेली ब्रिजको निर्माण गरी सहज आवागमनको व्यवस्था मिलाइनेछ ।
- सबै वडामा वर्षैभरी सहज सवारी आवागमन हुने सडक पुऱ्याई वस्तु ढुवानी लागत न्यूनीकरण गरिनेछ ।
- फुसका छाना विस्थापित गरी सुरक्षित आवास कार्यक्रम सञ्चालन गरिनेछ ।
- सहज सवारी आवागमन तथा सडक संरक्षणका लागि एजिङ्ग वाल तथा ढल निकासको व्यवस्था गरिनेछ ।
- स्थानीय सडक निर्माण विस्तार तथा स्तरोन्नति मापदण्ड अनुसार गर्ने व्यवस्था मिलाइनेछ ।
- बेलका बसपार्क निर्माणका लागि सम्भाव्यता अध्ययन गरी कार्यक्रम कार्यान्वयन प्रक्रिया अगाडि बढाइनेछ ।
- सबै वडा कार्यालय जोड्ने सडक कालोपत्रे गर्नका लागि आवश्यक पहल गरी योजना अगाडि बढाइने छ ।
- हाल सञ्चालनमा रहेका सडक/बाटोहरू जग्गाधनीबाट लगत कट्टा गरी नक्साङ्कन गरिनेछ ।
- नयाँ ट्र्याक खोलिएका सडक तथा ग्रामिण ग्राभेल सडकहरूमा पक्की नाली तथा ढल निकासको व्यवस्थापन गर्ने कार्यलाई अगाडि बढाइनेछ ।

- नेपाल रेडक्रस उपशाखा रामपुरको स्वामित्वमा रहेको जमिनमा भवन निर्माणका लागि आवश्यक पहल गरिनेछ ।
- नगर स्तरीय सहिद स्मारक भवन निर्माणका लागि आवश्यक कार्य गरिनेछ ।
- बेलका चक्रपथ निर्माणको सम्भाव्यता अध्ययन गरी सो चक्रपथसँग हरेक वडासँग जोड्ने नगर Road Link को निर्माण अवधारणा कार्यान्वयन गरिनेछ ।
- बेलका -३, सातपत्रे रातापानी जोड्ने गिँदिरी खोलाको निर्माणाधीन पक्की पुल निर्माण सम्पन्न गराउन सम्बन्धित सबै निकायमा पहल गरी निर्माण कार्य अगाडि बढाइनेछ ।
- बेलका नगरपालिका भित्र जातीय परम्परा बमोजिम अन्तिम संस्कार गर्ने स्थलहरू निर्माण गर्दै लगिनेछ ।

आदर्श दलित भवन निर्माण सम्पन्न गर्नका लागि बजेटको व्यवस्था गरिनेछ ।

**श्रम रोजगार र मजदुर सम्बन्धी नीति**

- बेलका नगरमा श्रमको सम्मान र मर्यादित श्रम सहितको श्रमिकको हक अधिकार सुनिश्चित गरिनेछ ।
- नगरले सञ्चालन गर्ने उद्यमी सिर्जना गर्ने कार्यक्रममा श्रम बजारको माग अनुसारको विशिष्टीकृत सिपयुक्त जनशक्ति उत्पादन गर्ने नीति ल्याईनेछ ।
- सीप विकास तालिमलाई रोजगारी र उद्यमशीलतासँग आबद्ध गरिनेछ । बेरोजगार तथा बैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुलाई सीप विकास गरी सीप अनुसारको व्यावसाय सञ्चालन गर्न र रोजागर सिर्जना गरी समाजमा उद्यमशीलताको विकास गरिनेछ ।
- बाल श्रम शोषण बिरुद्ध कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्थानीय तहमा रोजगारी सिर्जना गरी युवा पलायनलाई न्यूनीकरण गर्ने कार्यक्रम ल्याईनेछ । नेपालको संविधान २०७२ मा रहेको मौलिक हक अन्तर्गत रोजगारीको हक सम्बन्धी ऐन नियमावली तथा निर्देशिका कार्यान्वयनमा बिशेष जोड दिइनेछ ।
- बेलका नगरपालिकाको रोजगार रणनीति तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ ।
- नगरपालिकाका विकास निर्माणका आयोजनाहरूमा यस नगरपालिकामा सूचीकृत भएका बेरोजगारहरुलाई काममा अनिवार्य लगाउनुपर्ने नीति अवलम्बन गरिनेछ ।
- संघीय सरकारबाट सूचीकृत बेरोजगारहरूलाई काममा लगाउन सशर्त अनुदानमा सहयोग पुग्ने गरी स्थानीय तहबाट निर्माण समाग्री खरिदको लागि व्यवस्था मिलाईनेछ ।
- एकीकृत रुपमा रोजगारमूलक र सीपमूलक तालिम सञ्चालन गरी आन्तरिक रोजगारीको प्रवर्द्धन र बिस्तार गरिनेछ ।
- स्थानीय स्तरमा रोजगारी सिर्जनाका लागि निजी, सरकारी र गैर सरकारी क्षेत्रसँग आवश्यक समन्वय र सहकार्य गरी थप रोजगारी सिर्जना गरिनेछ ।

- वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरूको व्यक्तिगत श्रम स्वीकृति र पुनः श्रम स्वीकृतिको कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाईने छ ।
- वैदेशिक रोजागर बोर्डबाट प्रदान हुने कल्याणकारी सेवाहरू कामदारका घर परिवारका सदस्यहरूलाई प्रदान गरिने सेवाहरू वैदेशिक रोजगार बोर्ड र वैदेशिक रोजागार विभागसँग समन्वय गरी व्यवस्थित बनाईनेछ ।
- वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिरूको सामाजिक र आर्थिक पुनः एकीकरण सम्वन्धी कृयाकलापहरू बैदिशिक रोजगार बोर्ड र बैदेशिक रोजगार विभागसँग समन्वय गरी सञ्चालन गरिनेछ ।

**उद्यम सम्बन्धी नीति**

- नगरपालिकामा उपलब्ध स्रोत साधनको महत्तम परिचालन गरी विभिन्न स्थानीय पहिचानका वस्तु उत्पादन गर्ने वातावरण मिलाइनेछ ।
- स्थानीय कच्चा पदार्थबाट वस्तु तथा स्थानीय आवश्यकता परिपूर्ति गर्ने वस्तु निर्माण तथा प्रयोगको व्यवस्था मिलाउन स्थानीय उद्यम प्रवर्द्धन गरिनेछ । साथै उत्पादित वस्तुहरूको बजारीकरण र निर्यातको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
- स्थानीयस्तरमा लघु उद्यम प्रवर्द्धनको व्यवस्था मिलाइनेछ । सञ्चालनमा रहेका उद्यमहरूको प्रवर्द्धनका लागि प्रभावकारिताका आधारमा क्षमता विकास तथा अनुदानको व्यवस्था मिलाइनेछ ।
- युवा स्वरोजगारका लागि उद्यमशीलता तथा सीपमूलक तालिमको व्यवस्था गरी व्यवसाय सञ्चालनलाई व्यवस्थित गरिनेछ ।
- विभिन्न वस्तुहरू उत्पादन वृद्धि गरी व्यवसायिक बनाउन पकेट क्षेत्र निर्धारण गरी सीप तथा प्रविधिको व्यवस्था मिलाउदै बजारीकरण गरिनेछ ।
- स्थानीय सरकार र बेलकाबासीको संयुक्त लगानीमा रोजगारमूलक उद्योग सञ्चालनको सम्भाव्यता अध्ययन गरी नयाँ उद्योगहरू स्थापना गर्न सम्बन्धित निकायहरूसँग समन्वय तथा सहकार्य गरिनेछ ।
- प्रत्येक वडामा एक/एक वटा नमूना उद्यम विकास कार्यक्रम लागु गरिनेछ ।
- युवा उद्यमशीलता विकास कार्यक्रम मार्फत युवालाई विदेश होइन विजनेस भन्ने भावनाको विकासका लागि स्वरोजगार उन्मुख तुल्याइनेछ । युवाहरूलाई स्वरोजगारका क्षेत्रमा अभिप्रेरित गरी सामाजिक तथा उद्यमशील क्षेत्रमा उत्कृष्ट कार्य गर्ने युवालाई नगर आदर्श युवा पुरस्कारद्वारा सम्मानित गरिनेछ ।

अशोक कार्की
नगर प्रमुख

- बेरोजगरी न्यूनीकरण गर्न विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरूको समन्वय तथा सहकार्यमा युवा लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।
- विपन्न, गरिब तथा सुकुम्बासी परिवारका युवाहरूलाई सीपमूलक व्यवसायिक तालिम प्रदान गरी स्वरोजगार बनाउन विशेष योजना बनाई लागु गरिनेछ ।
- निजी क्षेत्रबाट सञ्चालन गरिने उद्योग कल कारखानाका लागि प्रोत्साहन स्वरुप आर्थिक तथा प्राविधिक सहयोग प्रदान गरिनेछ ।
- सहकारीतालाई लोकतान्त्रिक अभ्यास, आर्थिक समुन्नति र गरिबी निवारणको अभिन्न अङ्गको रुपमा विकास गरिनेछ ।
- कृषि सहकारीमा जोड दिई कृषि, पशुपालन तथा कृषि पर्यटन प्रवन्धनमा जोड दिन आवश्यक व्यवस्था मिलाइनेछ ।
- सहकारीताको अवधारणा मार्फत सबै आर्थिक क्षेत्रमा लगानी गरी उत्पादन, आम्दानी तथा रोजगारी सिर्जना गरिनेछ ।
- निजी-सार्वजनिक अवधारणामा सहकारीलाई संलग्न गरी कृषि उपज तथा पशुधनको थोक बजारका लागि आवश्यक पूर्वाधार निर्माण गरी सञ्चालन गरिनेछ ।
- बेलका सहकारी संघको स्थापना गरी सहकारी अभियानलाई प्रभावकारी बनाइनेछ ।
- सहकारी सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन COPOMIS को प्रयोगमा जोड दिइनेछ ।

## सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धी नीति

- सुरक्षित नागरिक आवास, खाद्यान्न तथा पोषण सम्बन्धी कार्यक्रम लागु गरिनेछ ।
- भूमिहीन, विपन्न, आर्थिक र सामाजिक रुपमा पछाडि परेका वर्ग तथा समुदायलाई लक्षित गरी सुरक्षित आवास र आय आर्जनका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- विपन्न, दलित, अपाङ्ग तथा एकल महिलाका लागि स्वास्थ्य तथा सुरक्षित आवास कार्यक्रम सञ्चालन गरिनेछ ।
- अति विपन्न, दीर्घरोगी, असहाय नागरिकका लागि आवश्यक खाद्यान्नको व्यवस्था मिलाइनेछ ।
- खाद्यान्न बैङ्कको अवधारणा लागु गरी कार्यान्वयन गरिनेछ ।
- नागरिकलाई पोषण सुरक्षा सम्बन्धी कार्यक्रम लागु गरिनेछ ।
- खाद्यान्न उत्पादन वृद्धिका लागि योजना निर्माण गरी लागु गरिनेछ ।

## सिँचाई, नदी नियन्त्रण तथा विपद व्यवस्थापन सम्बन्धी नीति

- बेलका नगरपालिकाभित्र पर्ने खेतीयोग्य जमिनमा मुख्य खोला खोल्साबाट प्राप्त हुने मौसमी सिँचाईलाई दिगो, भरपर्दो र प्रभावकारी ढङ्गबाट सञ्चालन गर्नका लागि खेर जाने पानी सञ्चय

गर्नुका साथै जलासय निर्माण गरी मत्स्य पालन, जलपर्यटन, बनभोज स्थलका रुपमा विकास गरी सुख्खायाममा सिँचाईको प्रवन्धका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

- भूमिगत सिँचाई तथा अन्य वैकल्पिक प्रविधिमार्फत सिँचाई प्रवन्ध गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गरिनेछ ।
- बेलका नगरपालिकाभित्र पर्ने मुख्य तथा जोखिमयुक्त सिसुवा खोला, मूर्ति खोला, यसोदा खोला, सेती खोला, बरगाछी खोला, गिँदिरी खोला, धारा खोला, पथ्रा खोला, लगायतका खोलानालाबाट हुन सक्ने सम्भावित क्षति न्यूनीकरणका लागि डि.पि.आर. तयार गरी नदी नियन्त्रणका लागि तटबन्ध योजना बनाई क्रमागत रुपमा काम अगाडि बढाइनेछ ।
- नदी कटान नियन्त्रणका लागि नदी किनारमा बाँस लगायतका अन्य वनस्पति वृक्षारोपण गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।
- कोशी तथा त्रियुगा नदी नियन्त्रणका लागि प्रदेश सरकार तथा संघीय सरकारसँग पहल गरिनेछ ।
- नगर तथा वडा स्तरमा विपद जोखिम न्यूनीकरणका लागि समिति निर्माण गरी योजना कार्यान्वयन गरिनेछ ।
- स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र स्थापना, सञ्चालन तथा साधन सम्पन्न बनाई विपदमा काम गर्ने संघ संस्थासँग समन्वय तथा सहकार्य गर्दै विपद व्यवस्थापन गरिनेछ ।
- नेपाल रेडक्रस सोसाइटी बेलका नगरपालिका स्थित उपशाखाहरूको क्षमता विस्तार गर्दै स्थानीय स्तरमा नै रेडक्रस मार्फत विपदको समयमा प्राप्त हुने खाद्य तथा गैर खाद्य राहत सामग्री वितरणको व्यवस्था मिलाइनेछ ।
- नगर स्तरीय विपद व्यवस्थापन तथा राहत कोष व्यवस्थापनको व्यवस्था मिलाइनेछ ।
- विपदसँग सम्वन्धित जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- सडक दुर्घटना जोखिम न्यूनीकरणका लागि नगर, वडा, प्रहरी, रेडक्रस सोसाइटी तथा स्थानीय संघ संस्थाहरूको समन्वय र सहकार्यमा सडक सचेतना कार्यक्रम सञ्चालन गरी क्षति न्यूनीकरण गरिनेछ ।

## पर्यटन सम्बन्धी नीति

"ठूलो पानी ठूलै बहाव, चढ्न जाऔं सप्तकोशीको जहाज"

- उद्योग व्यवसाय दर्ता, नवीकरण, ठाउँसारी, नामसारी लगायतका प्रशासनिक प्रक्रियालाई प्रविधिमैत्री बनाउँदै सरलीकृत गरिनेछ ।
- औद्योगिक प्रदर्शनी स्थलको निर्माण कार्य र औद्योगिक ग्रामको व्यवस्थापनलाई उद्योग वाणिज्य संघको सहकार्यमा अगाडि बढाइनेछ ।

अशोक कार्की

- पर्यटन प्रवर्द्धनको माध्यमबाट स्थानीय नागरिकको जनस्तर उकास्न बेलका वृहत गुरुयोजना निर्माण गरी गुरुयोजनाको आधारमा बेलका पर्यटन पूर्वाधार विस्तार तथा पर्यटन विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- नगरभित्रका पर्यटकीय स्थलहरू जोड्न सडक सञ्जाल विस्तार गरिनेछ ।
- नगरभित्रका विभिन्न धार्मिक पर्यटन, कृषि पर्यटन, खेल पर्यटन, पर्यावरण पर्यटन लगायतका विभिन्न सम्भावना बोकेका स्थलहरूको संरक्षण, प्रवर्द्धन र प्रचार प्रसार गरिनेछ ।
- विभिन्न जातजातिका परम्परागत पर्व, संस्कृति, संस्कारको प्रवर्द्धन गरिनेछ ।
- नगर प्रवेशद्वारहरूमा पर्यटकीय क्षेत्रको परिचय सहितको आकर्षक Digital Display राखिनेछ ।
- अन्तर नगर सम्बन्धलाई विकास र विस्तार गर्दै सम्बन्ध सुदृढ गर्न भगिनी सम्बन्धलाई विस्तार गरिनेछ ।
- धार्मिक पर्यटकीय क्षेत्रको वृहत्तर विकासका लागि स्थान सहित गुरुयोजना तयार गरी क्रमशः कार्यान्वयन गर्दै लगिनेछ ।
- नगरले पहिचान गरेका वनभोज स्थलहरूको संरक्षण र सम्वर्द्धन गरिनेछ ।
- नगरपालिकाले बेलका नगर क्षेत्रभित्र पहिचान गरेका विभिन्न ३२ विन्दुमा रहेका पर्यटकीय गन्तव्यस्थलसम्म जाने सडक निर्माण तथा स्तरोन्नति गरिनेछ ।
- बेलका नगरपालिका स्थापना केन्द्र बेलका राजाको इतिहास उजागर साथै भौतिक विकास गरी पर्यटनको आकर्षक गन्तव्य बनाइनेछ ।
- महाकाली भँवरी देवी मन्दिर परिसरमा नगरपालिकाले तयार पारेको गुरुयोजना अनुसार भौतिक निर्माणका लागि योजना व्यवस्थापन गरिनेछ ।
- भूतिया दह बेलका नगरपालिका वडा नं. -५ लाई आकर्षक पर्यटकीय गन्तव्य स्थलको रुपमा स्थापित गरिनेछ ।
- स्थानीय भाषा, कला, संस्कृति, धर्म आदिको संरक्षण तथा सम्वर्द्धनलाई प्राथमिकता दिइनेछ ।
- सप्तकोशी क्षेत्र — भोजपुर — कोशीपुल हुँदै कोशीटप्पु वन्यजन्तु आरक्ष क्षेत्रसम्मलाई प्रमुख पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ । साथै यस क्षेत्रको विकासका लागि बराहक्षेत्र नगरपालिका, सुनसरीसँग सहकार्य गरिनेछ ।
- ओझेलमा परेका ऐतिहासिक धरोहरहरूको संरक्षण, सम्वर्द्धन तथा प्रचार प्रसार गरिनेछ ।
- बेलका नगरपालिका वडा नं. ६, ७ र ८ मा किरौंत्र आस्था केन्द्रलाई निरन्तरता दिइनेछ ।
- सप्तकोशीमा जलयात्रालाई सहजीकरण गर्न आवश्यक पहल गरिनेछ ।
- बेलका नगरभित्रको धार्मिक स्थलहरू तथा पर्यटकीय स्थलहरूको प्रवर्द्धनका लागि नगर कार्यपालिकाका सदस्यहरूले घुम्ती बैठक बसी प्रचार प्रसार कार्यलाई जोड दिइनेछ ।
- हाल सम्भाव्यता अध्ययन भइरहेको साहसिक खेल प्याराग्लाइडिङ सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

- पर्यटन विकासका लागि पर्यटन महोत्सव सञ्चालन गरिनेछ ।
- आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनका लागि होमस्टेलाई प्रोत्साहनका कार्यक्रमहरू सञ्चालनमा ल्याइनेछ ।
- कोशीटप्पु क्षेत्रमा आवश्यक पूर्वाधार विकास गरी पर्यटकीय हबका रुपमा विकास गर्ने रणनीतिक योजना कार्यान्वयन प्रक्रिया अगाडि बढाइनेछ ।
- जङ्गल सफारीको लागि आवश्यक पूर्वाधार व्यवस्थापन गरिनेछ ।

**भूमि व्यवस्थापन तथा भू-उपयोग सम्बन्धी नीतिः**

- भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी नागरिकहरूलाई भूमिमाथिको स्वामित्व स्थापित गर्न जग्गा नापीका लागि मापदण्ड निर्धारण गरी जग्गाधनी प्रमाण पूर्जा वितरण कार्यलाई द्रुत गतिमा अगाडि बढाइनेछ ।
- भूमिहीन दलित, विपन्न र सामाजिक आर्थिक रुपले पछाडि पारिएको वर्ग तथा समुदायलाई लक्षित गरी सुरक्षित आवास र आय आर्जनका कार्यक्रममार्फत गरिबी न्यूनीकरण गरिनेछ ।
- सार्वजनिक जग्गा संरक्षणका लागि आवश्यक नीति निर्माण गरी कार्यान्वयन गरिनेछ ।
- बेलका नगरभित्रका जोखिमयुक्त र सुरक्षित ठाउँको पहिचान तथा नक्साङ्कन गरी विपद जोखिम न्यूनीकरण तथा पूर्वाधार विकासको अवधारण अनुसार कार्यक्रम सञ्चालन गरिनेछ ।
- भूमि उपयोग सम्बन्धी योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

**सुशासन, सार्वजनिक सेवा, आन्तरिक राजस्व तथा कर सम्बन्धी नीति**

- सम्पूर्ण नागरिकको आधारभूत विवरण, आर्थिक विकासको अवस्था, संस्थागत संलग्नताको सूचना आदि झल्कने गरी तथ्याङ्क पद्धति सहितको डिजिटल सिटी प्रोफाइल तयार गरिनेछ ।
- अनलाइनबाट नागरिकका गुनासो तथा जिज्ञासा सुन्ने र सोको सम्बोधन गर्ने प्रणालीको स्थापना र विकास गरिनेछ ।
- आर्थिक तथा प्रशासनिक सुशासन कायम गर्ने सम्बन्धमा बाँकी बक्यौता, पेश्की, बेरुजु लागत विवरण अध्यावधिक गरी कडाईका साथ असुल उपर गरी फछ्र्योट गर्ने कार्य अगाडि बढाइनेछ ।
- नगरको योजना तथा कार्यक्रम व्यवस्थापनमा नगर कार्यालयको मानव संशाधन पर्याप्त नभएका सम्बन्धित विषयका विज्ञहरूलाई सहजकर्ता वा विशेषज्ञका रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।
- जनप्रतिनिधि तथा कर्मचारीहरूको सीप तथा क्षमता बृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यलाई परिणाममुखी बनाइनेछ ।

अशोक कार्की

- नगरमा सञ्चालित योजनाहरू र न्यायिक समितिमा हुने क्रियाकलापहरूलाई डिजिटलाइज्ड गरी पारदर्शी र सरलीकृत गरिनेछ ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो भन्ने नारालाई पुरा गर्नका लागि करको दायरामा आउन नसकेका करदाता तथा व्यवसायीहरूलाई करको दायरामा ल्याई समयमा नै कर तिर्न प्रोत्साहित गरिनेछ ।
- करको दायरालाई फराकिलो बनाउदै हाल कार्यान्वयनमा रहेका करका दरहरूलाई पुनःमूल्याङ्कन तथा समायोजन गरिनेछ ।
- स्थानीय तहलाई प्रभावकारी, जवाफदेही, पारदर्शी र भ्रष्टाचारमुक्त बनाउन आवश्यक नीतिगत व्यवस्था गरिनेछ ।
- सबै संघ-संस्था तथा कार्यालयबाट छिटो छरितो ढङ्गबाट सर्वसुलभ सेवा प्रवाहको व्यवस्था मिलाइनेछ ।
- विकास निर्माण तथा प्रशासनमा हुने अनियमितता, भ्रष्टाचार र आर्थिक अपराधमा शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ । सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरू र सार्वजनिक स्थलहरूमा नगरपालिकाको तर्फबाट सुझाव तथा गुनासो पेटिकाको व्यवस्था गरिनेछ ।
- नगरपालिकाबाट प्रवाह हुने योजना, लेखा, नक्सा, राजस्व लगायत सबै सेवाहरूमा सफ्टवेर निर्माण गरी विद्युतीय प्रणालीलाई जोड दिइनेछ ।
- नगरपालिकाका काम कारबाहीलाई व्यवस्थित, पारदर्शी तथा सम्पूर्ण नगरवासीको सहज पहुँच स्थापित गर्न "बेलका सन्देश" नामको मोबाइल एप्स निर्माण गरी वडा पत्रहरू, सूचनाहरू र नगर प्रोफाइल आदिको जानकारी गराउने नीतिको अवलम्बन गरिनेछ ।
- पडक तथा फुटपाथमा हुने अव्यवस्थित पार्किङ, निर्माण सामग्री तथा व्यापार र पसलहरूको अनाधिकृत प्रयोगलाई दुरुत्साहित गर्दै उचित व्यवस्थापन गर्न उपयुक्त पार्किङ स्थलहरूको खोजी गरिनेछ ।
- नगर प्रहरीको सेवालाई सशक्त र गुणस्तरीय बनाउन क्षमता विकास तालिम तथा स्रोत साधन उपलब्ध गराई नगर प्रहरीलाई नगरको गुणस्तरीय उच्च सुरक्षा बलको रूपमा स्थापित गरिनेछ ।
- आम नागरिकसँग सरोकार राख्ने आधारभूत वस्तु तथा सेवाको आपूर्ति र गुणस्तर कायम गर्न उपभोक्ताहरूको समेत संलग्नतामा बजार अनुगमनलाई प्रभावकारी ढङ्गबाट सञ्चालन गरिनेछ ।
- गोपनीयता कायम गर्नुपर्ने विषय बाहेकका न्यायिक समितिका छलफलहरूलाई सिसि क्यामेरामार्फत रेकर्ड गर्ने व्यवस्था मिलाइनेछ ।
- सुशासन, विकास, तटस्थता र नागरिक सन्तुष्टी अभिवृद्धि गर्ने अधिकतम प्रयास गरिनेछ ।

अशोक कार्की

## न्याय, कानून तथा मानव अधिकार सम्बन्धी नीति

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भएका न्यायिक समितिको अधिकार क्षेत्रभित्रका विवादहरूको निरुपण, मेलमिलाप गर्न आवश्यक नीति तथा कानूनहरूको निर्माण र परिमार्जन तथा संशोधन गर्दै कार्यान्वयन गरिनेछ ।
- न्यायिक समितिको क्षमता विकासका लागि कार्यक्रम सञ्चालन गरिनेछ ।
- हालसम्म निर्माण भएका कानूनी दस्तावेजलाई सङ्ग्रहित गरी स्थानीय कानून सङ्ग्रह प्रकाशन गरिनेछ ।

## प्राकृतिक स्रोत साधनको उपभोग तथा संरक्षण

- अनियन्त्रित प्राकृतिक स्रोत साधनको दोहन रोक्ने नीति अवलम्बन गरी भावी पुस्ताको आवश्यकता सम्बोधन नीति अवलम्बन गरिनेछ ।
- प्राकृतिक स्रोत साधनको उपभोगमा स्थानीय नागरिकको पहिलो हक स्थापित गरिनेछ ।
- प्राकृतिक स्रोत साधनको समुचित उपभोग गर्न प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कनलाई जोड दिइनेछ ।
- निजी स्वामित्वमा रहेका जग्गाहरूमा भएका नदीजन्य पदार्थहरूको उचित व्यवस्थापन गरी जमिनलाई खेतीयोग्य बनाउन आवश्यक प्रक्रिया अगाडि बढाइनेछ ।

## वन, वातावरण तथा जलवायु:

- बेलका नगरपालिकाको धौरी टप्पु क्षेत्रमा बस्ती प्रभावित हुने विवादास्पद कबुलियती वन खारेजीको लागि पहल गरी बस्ती संरक्षण गरिनेछ ।
- सामुदायिक वन क्षेत्र तथा खाली पर्ति जग्गामा वृक्षारोपण अभियान सञ्चालन गरिनेछ । साथै जडिबुटीजन्य वनस्पतिलाई प्राथमिकता दिइनेछ ।
- जलवायु परिवर्तन र यसका असर कम गर्न जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- पूर्वाधार निर्माणलाई वातावरणमैत्री बनाइनेछ । साथै खानेपानी मुहान, दह, पोखरी, झरनालाई प्रदुषणमुक्त बनाउन वातावरणीय स्वच्छता अभियान सञ्चालन गरिनेछ ।
- सामुदायिक वन, नगरपालिका, गैर सरकारी संघ संस्था तथा सरोकारवालाहरूसँगको समन्वयमा जीविकोपार्जन तथा आय आर्जनका गतिविधि सञ्चालन गरिनेछ ।
- दिगो वन व्यवस्थापनको कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ ।
- जलाधार संरक्षण, जैविक विविधता तथा पर्या पर्यटनको विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।
- नदी किनार, सार्वजनिक स्थल तथा सडक किनारमा वृक्षारोपण गरिनेछ ।

अशोक कार्की

- पूर्वाधार तथा संरचना विकास कार्यक्रमहरू सञ्चालन गर्दा विपद जोखिम न्यूनीकरण गर्न अनिवार्य वृक्षारोपण तथा वातावरण मैत्री विकासको अवधारणालाई अवलम्बन गर्दै लगिनेछ ।
- बेलका नगरपालिकालाई हरित नगर बनाउने अभियानका लागि सम्भव भएसम्म नगर क्षेत्रभित्र बनेका सबै सडकका दुवै किनारामा हरियाली बनाउने कार्यलाई सम्बन्धित वडावासीहरूको सहकार्यमा अगाडि बढाइनेछ ।

## महिला, बालबालिका तथा समाज कल्याण

- बेलका नगरपालिकामा घरेलु हिंसा न्यूनीकरणको लागि विशेष कार्यक्रम र घरेलु हिंसा पीडित महिलाहरूका लागि निःशुल्क कानूनी सहयोग प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।
- महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, दमन, शोषण निरुपण गर्ने नीति लिइनेछ ।
- महिलाहरूको राजनैतिक, सामाजिक, आर्थिक अधिकारको संरक्षण र संवर्द्धनका लागि महिला सशक्तीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- दलित, अति विपन्न, सीमान्तीकृत, अपाङ्ग, अशक्त, एकल महिला लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।
- गर्भवती, ग्रामिण, विपन्न समुदायका महिला, नवजात शिशु तथा बालबालिका लक्षित पोषण कार्यक्रम सञ्चालन गरिनेछ ।
- विपन्न तथा सीमान्तीकृत समुदायका बालबालिकाको शिक्षा तथा स्वास्थ्यको व्यवस्था मिलाइनेछ ।
- बालबालिकामाथि हुने शोषण, दमन, बालश्रम शोषण विरुद्ध विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यालय जाने उमेरका सबै बालबालिकालाई अनिवार्य विद्यालय जाने व्यवस्था कार्यान्वयन गरिनेछ ।
- फरक क्षमता भएका बालबालिकाका लागि विशेष शिक्षा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ । साथै अलपत्र परेका, असहाय, द्वन्द्व पीडित सडक बालबालिकाका लागि संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।
- अल्पसंख्यक, दलित तथा लोपोन्मुख समुदायको उत्थानका लागि आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- महिला उद्यमशीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित तथा स्थापित व्यवसायमा छुटको व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- हिंसा पीडित महिलाहरूको सुरक्षा र व्यवस्थापनका लागि सेवा केन्द्र स्थापना गरिनेछ ।
- लैङ्गिक हिंसा पीडित महिलाहरूका लागि एकद्वार सङ्कट व्यवस्थापन केन्द्र आरम्भ गरिनेछ ।
- कानूनी रुपमा महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, दमन, शोषण निरुपण गरिनेछ ।

- महिलाहरूका राजनैतिक, सामाजिक र आर्थिक अधिकारको संरक्षण र संवर्द्धन गरिनेछ ।
- महिला सशक्तीकरणको लागि विशेष कार्यक्रम ल्याइनेछ ।
- अति विपन्न र पछाडि परेका समुदायका महिला लक्षित विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- एकल महिला, अपाङ्ग तथा दीर्घरोगी महिलाहरूलाई आयआर्जन, क्षमता विकास र विशेष आर्थिक सहायताको व्यवस्था मिलाइनेछ ।
- गर्भवती महिला, ग्रामिण महिला तथा नवजात शिशु लक्षित पोषण अभियान सञ्चालन गरिनेछ ।
- कुनैपनि बालबालिका विपन्नताका कारण असल शिक्षा तथा स्वास्थ्य उपचारको अवसरबाट बञ्चित हुन नदिन विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यालय जाने उमेर समूहका सबै बालबालिकालाई विद्यालय पठाउन प्रोत्साहनको कार्य गरिनेछ ।
- फरक क्षमता भएका बालबालिकाको शिक्षाका लागि विशेष कार्यक्रम तर्जुमा गरी सञ्चालन गरिनेछ ।
- अनाथ, असहाय, द्वन्द्व पीडित, सडक बालबालिकाको संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।
- गृहिणीका लागि करेसाबारीमा महिलाको हात कार्यक्रम ल्याइनेछ ।
- बेलका नगरपालिकामा बालमैत्री स्थानीय शासन पद्धति लागु गर्ने नीति अवलम्वन गरिनेछ ।
- समुदाय र विद्यालयमा आधारित बाल क्लब तथा सञ्जालहरूको निर्माण गरिनेछ ।
- बाल संरक्षण समितिहरूको निर्माण गरी बालबालिकाको अधिकार संरक्षणको सुनिश्चितता कायम गरिनेछ ।
- बाल उद्यान र जेष्ठ नागरिक चौतारी निर्माण कार्य गरिनेछ ।

**लैङ्गिक समानता र सामाजिक समावेशीकरण**

- महिला, बालबालिका र पिछडिएका वर्ग, भूमिहीन, गरिब, सिमान्तीकृत, आदिवासी जनजाति, मधेशी, मुस्लिम, अल्पसंख्यक र लामो समयदेखि सामाजिक बहिष्करणमा परेका सबै लक्षित वर्गको सामाजिक उत्थान र जीवनमा सुधारका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- नगर विकासका लागि समुदायको सहयोगलाई प्रोत्साहन गर्दै टोल विकास संस्थालाई सुदृढ बनाउन नेतृत्व विकासका कार्यक्रमहरू सञ्चालन गरनेछ ।
- लैङ्गिक हिंसामुक्त बेलका पहिचान भन्ने अभियान अघि बढाई हिंसा विरुद्ध शून्य सहनशीलता कायम गरिनेछ । पारिवारिक हिंसाबाट पीडितको संरक्षणका लागि कार्यक्रम सञ्चालन गरिनेछ ।
- आदिबासी जनजातिको भेषभूषा, भाषा, कला, धर्म, संस्कृति, परम्परा र रीतिरिवाज संरक्षण र सम्वर्द्धन गरिनेछ । आदिवासी जनजातिका परम्परागत एवं मौलिक पोशाकहरूको उत्पादन र व्यवसायीकणका लागि विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

अशोक कार्की

- लोपन्मुख, सिमान्तीकृत र पछाडि परेका समुदायको सामाजिक, आर्थिक, शैक्षिक, विकासका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- ज्येष्ठ नागरिकको हितलाई मध्यनजर गरी वडाबाटै परिचयपत्र प्रदान गरिने व्यवस्था मिलाइनेछ । साथै ज्येष्ठ नागरिकका समस्याहरू समाधान गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- महिलामैत्री, बालमैत्री, दलितमैत्री तथा अपाङ्गमैत्री सूचकहरू निर्धारण गरी नियमित रुपमा अवस्था विश्लेषण गरिनेछ ।
- अपाङ्गता भएका नागरिकहरूको पुनर्स्थापना र क्षमता विकासका लागि पुनर्स्थापना गृह निर्माण गरी कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गमैत्री कार्यक्रम सञ्चालन गरिनेछ ।

## सूचना तथा सञ्चार प्रविधि

- बेलकाको सबै भूभागमा मोबाइल तथा इन्टरनेट सेवा पहुँचको लागि टेलिफोन टावर तथा क्षमता विस्तार तथा थप गरिनेछ ।
- बेलका नगरपालिकाको सम्पूर्ण अभिलेख विद्युतीय प्रणालीमा अध्यावधिक गरिनेछ ।
- स्थानीय पत्रपत्रिका, एफ.एम तथा अनलाइन पत्र पत्रिकालाई प्रवर्द्धन तथा विकास गर्न आवश्यक सहयोग उपलब्ध गराइनेछ ।
- बेलका नगरपालिकाका गोपनीयता कायम गर्नुपर्ने बाहेक सम्पूर्ण सूचना नगरपालिकाको आधिकारिक वेब सइटमार्फत सम्प्रेषण गरिनेछ ।
- बेलका नगरपालिका लगायत सरकारी तथा गैर सरकारी कार्यालयबाट प्रकाशन हुने सूचना तथा विज्ञापनको हकमा स्थानीय पत्र पत्रिकालाई प्राथमिकता दिइनेछ ।
- बेलका नगरको सूचना प्रणालीलाई व्यवस्थित र चुस्त दुरुस्त बनाइनेछ ।
- नागरिकको सूचना पाउने अधिकारलाई व्यवस्थित बनाउन हेल्लो मेयर कल सेन्टर सञ्चालनमा ल्याइनेछ ।
- नगरका गतिविधिहरु समेटेर नगर बुलेटिन प्रकाशनको व्यवस्था मिलाइनेछ ।
- सार्वजनिक स्थलहरूमा सबैको इन्टरनेट पहुँच स्थापना गरिनेछ ।

## भूमि व्यवस्थापन तथा भूउपयोग सम्बन्धी नीति

- भूमिहीन दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबास भएका नागरिकको भूमिको स्वामित्व स्थापित गर्न जग्गा नापीको लागि मापदण्ड निर्धारण गरी जग्गाधनी प्रमाण पूर्जा वितरण गरिनेछ ।
- भूमिहीन दलित, विपन्न र आर्थिक सामाजिक रुपमा पछाडि परेका वर्ग तथा समुदायलाई लक्षित गरी सुरक्षित आवास र आय आर्जनका कार्यक्रम सञ्चालन गरी गरिबी न्यूनीकरण गरिनेछ ।

- लोपन्मूख, सिमान्तीकृत र पछाडि परेका समुदायको सामाजिक, आर्थिक, शैक्षिक, विकासका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- ज्येष्ठ नागरिकको हितलाई मध्यनजर गरी वडाबाटै परिचयपत्र प्रदान गरिने व्यवस्था मिलाइनेछ । साथै ज्येष्ठ नागरिकका समस्याहरू समाधान गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- महिलामैत्री, बालमैत्री, दलितमैत्री तथा अपाङ्गमैत्री सूचकहरू निर्धारण गरी नियमित रुपमा अवस्था विश्लेषण गरिनेछ ।
- अपाङ्गता भएका नागरिकहरूको पुनर्स्थापना र क्षमता विकासका लागि पुनर्स्थापना गृह निर्माण गरी कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गमैत्री कार्यक्रम सञ्चालन गरिनेछ ।

## सूचना तथा सञ्चार प्रविधि

- बेलकाको सबै भूभागमा मोबाइल तथा इन्टरनेट सेवा पहुँचको लागि टेलिफोन टावर तथा क्षमता विस्तार तथा थप गरिनेछ ।
- बेलका नगरपालिकाको सम्पूर्ण अभिलेख विद्युतीय प्रणालीमा अध्यावधिक गरिनेछ ।
- स्थानीय पत्रपत्रिका, एफ.एम तथा अनलाइन पत्र पत्रिकालाई प्रवर्द्धन तथा विकास गर्न आवश्यक सहयोग उपलब्ध गराइनेछ ।
- बेलका नगरपालिकाका गोपनीयता कायम गर्नुपर्ने बाहेक सम्पूर्ण सूचना नगरपालिकाको आधिकारिक वेव सइटमार्फत सम्प्रेषण गरिनेछ ।
- बेलका नगरपालिका लगायत सरकारी तथा गैर सरकारी कार्यालयबाट प्रकाशन हुने सूचना तथा विज्ञापनको हकमा स्थानीय पत्र पत्रिकालाई प्राथमिकता दिइनेछ ।
- बेलका नगरको सूचना प्रणालीलाई व्यवस्थित र चुस्त दुरुस्त बनाइनेछ ।
- नागरिकको सूचना पाउने अधिकारलाई व्यवस्थित बनाउन हेल्लो मेयर कल सेन्टर सञ्चालनमा ल्याइनेछ ।
- नगरका गतिविधिहरू समेटेर नगर बुलेटिन प्रकाशनको व्यवस्था मिलाइनेछ ।
- सार्वजनिक स्थलहरूमा सबैको इन्टरनेट पहुँच स्थापना गरिनेछ ।

## भूमि व्यवस्थापन तथा भूउपयोग सम्बन्धी नीति

- भूमिहीन दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबास भएका नागरिकको भूमिको स्वामित्व स्थापित गर्न जग्गा नापीको लागि मापदण्ड निर्धारण गरी जग्गाधनी प्रमाण पूर्जा वितरण गरिनेछ ।
- भूमिहीन दलित, विपन्न र आर्थिक सामाजिक रुपमा पछाडि परेका वर्ग तथा समुदायलाई लक्षित गरी सुरक्षित आवास र आय आर्जनका कार्यक्रम सञ्चालन गरी गरिबी न्यूनीकरण गरिनेछ ।

- सार्वजनिक जग्गा संरक्षणका लागि आवश्यक नीति निर्माण गरी कार्यान्वयन गरिनेछ ।
- बेलका नगरभित्रका जोखिमयुक्त र सुरक्षित ठाउँको पहिचान गरी नक्साङ्कन गरी विपद जोखिम न्यूनीकरण तथा पूर्वाधार विकासको अवधारणा अगाडि बढाइनेछ ।
- भूमि उपयोग सम्बन्धी योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

अशोक कार्की
नगर प्रमुख